# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल


## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०५)

म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम कार्यान्वयनका लागि देहायक पदमा सुनिलस्मृति गाउँपालिकामा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९" बमोजिम खुल्ला प्रतियोगिता मार्फत करार सेवामा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले आफ्नो नागरिकताको प्रमाण पत्र प्रतिलिपि, शैक्षिक योग्यता तथा अनुभवका प्रमाण पत्रका प्रतिलिपि संलग्न राखी गाउँपालिकाले तोकेको ढाँचामा दरखास्त फारम भरी यस गाउँपालिकाको कार्यालय सुलिचौरमा यो सूचना भएको प्रकाशित मितिले १५(पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका दरखास्त फारमहरु मान्य हुने छैनन् ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन |
|---|---|---|---|---|---|
| १ | ०३/२०८२-८३ | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौ तह | १ (एक) | रु. १०००/- |

१. न्युनतम योग्यताः जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह (BPH) योग्यता हासिल गरेको, प्रदेश लोकसेवा आयोगले लिने स्थानीय स्वास्थ्य सेवा, जनस्वास्थ्य अधिकृत पदको लागि आवश्यक योग्यता पुगेको र प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

२. तलब स्केलः अधिकृत सातौ तह वा सो सरह ।

३. काम गर्नुपर्ने स्थानः गाउँपालिका वा अन्तर्गतका कार्यालयहरु ।

४. दरखास्तको माध्यमः ईच्छुक आवेदकले तोकिएको परिक्षा दस्तुर रकम जम्मा गरेको सक्कल भौचर सहित तोकिएको मितिमा आवश्यक कागजात, प्रमाणपत्रहरुको स्वइच्छाद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रितपूर्वक आवेदन फारम भरी गाउँपालिकाको प्रशासन शाखामा आवेदन दिनुपर्ने छ । आवेदन फारम गाउँपालिकाको Web Site मा राखिएको छ ।

५. उमेरको हदः २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

६. परिक्षाको किसिमः प्रारम्भिक सूची प्रकाशन, लिखित र मौखिक ।

७. आवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

क) नेपाली नाग़रिकता प्रमाणपत्रको प्रतिलिपी

ख) पासपोर्ट साइजको २ प्रति फोटो

ग) न्यूनतम योग्यताको शैक्षिक प्रमाण पत्रहरु र कार्यालय दर्ता प्रमाण पत्र (आवश्य पर्नेको हकमा)

घ) अनुभव खुल्ने कागजातहरु

८. दरखास्त दिने अन्तिम मितिः २०८२/०६/१९ गते कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट या सो पछि कार्यालय खुलेको पहिलो दिन ।

९. सम्पर्क मितिः दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट उक्त दिन विदा भएमा त्यसपछिको कार्यालय खुल्ने दिन ।

१०. परिक्षा हुने मिति र समयः सम्पर्क मितिको दिन तोकिनेछ ।

2082/06/05

..........................
नगेन्द्र प्रसाद रिजाल
(प्रमुख प्रशासकीय अधिकृत)